**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 6; 15 December 2024; pp. 96-106
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# ध्रुवचन्द्र गौतमको *अप्रिय* उपन्यासमा अस्तित्वशील मानिसका बिचको सम्बन्ध [The Nexus among Existential Human Beings in Dhruba Chandra Gautam's Novel *Unpleasant*]

**श्रीधर न्यौपाने, पिएचडी [Shree Dhar Neupane, PhD], गिरबहादुर खड्का [Gir Bahadur Khadka], निर्मल सापकोटा [Nirmal Sapkota]**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल
[Department of Nepali, Prithvi Narayan Campus, Pokhara, Nepal]

**Article History:**
*Submitted 29 September 2024*
*Reviewed 17 October 2024*
*Revised 25 October 2024*
*Accepted 12 December 2024*

**Corresponding Author:**
*Shreedhar Neupane*
*Email: shreedhar137@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v6i1.72861*

**Copyright Information:**
*Copyright 2024 © Authors of this journal; With authors' permission, the copyright is transferred to the publisher for the first edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University, Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**

*अप्रिय* उपन्यासमा अस्तित्वशील मानिसका बिचको सम्बन्ध विश्लेषण गर्ने उद्देश्यले यो लेख तयार गरिएको हो । प्रस्तुत लेखको अध्ययनको क्षेत्रका रूपमा ध्रुवचन्द्र गौतमको *अप्रिय* उपन्यास रहेको छ भने समस्याका रूपमा अस्तित्वशील मानिसका बिचको सम्बन्ध रहेको छ । *अप्रिय* उपन्यासमा अस्तित्वशील मानिसका बिचमा कस्तो सम्बन्ध रहेको छ भन्ने जिज्ञासा यस अध्ययनमा राखिएको छ । अस्तित्वका लागि क्रियाशील मानिसले अन्य मानिससँग सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । बहुसत्यमा आधारित यस अध्ययनमा गुणात्मक अनुसन्धानढाँचा अवलम्बन गरिएको छ । अस्तित्वका लागि क्रियाशील मानिसका बिचमा निकटता, अविश्वास र सङ्घर्षपूर्ण स्थिति देखा पर्छ भन्ने कुरालाई यस अध्ययनमा तत्वमीमांसाका रूपमा उपयोग गरिएको छ । उपन्यासका तथ्यबाट तत्वमीमांसालाई पुष्टि गरिएको र सम्भावनालाई खुला राखी शोधदर्शनका बिचमा समन्वय कायम गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतका सामग्रीबाट प्राप्त तथ्यका आधारमा पाठविश्लेषण विधिको उपयोग गरी यो लेख तयार गरिएको छ । अस्तित्ववादको अन्यसँगको सम्बन्धसँग सम्बद्ध सम्बन्धगत निकटता, अन्यप्रतिको अविश्वास र सङ्घर्षपूर्ण स्थिति जस्ता सूचकका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । *अप्रिय* उपन्यासका अस्तित्वशील पात्रले अन्यसँग सम्बन्ध स्थापित गर्दा तिनका बिचमा निकटता, अविश्वास र सङ्घर्षपूर्ण स्थिति रहेको कुरालाई आख्यानीकरण गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । [This paper aims to analyze the

nexus among existential humans. In this paper, Dhruba Chandra Gautam's *Apriya* (*Unpleasant*) has been undertaken as a text and the nexus among existential humans as an issue. Human beings maintain relations with other humans for existence has been considered a theoretical framework for analysis of the text. The study has employed qualitative research design based on multiple realities of the meaning. In essence, humans have relations with each other at the time of affinity, disbelief and conflict among them for existence, which has been considered an insight for discussion. The essentialist ontology has been approached from a metaphysical perspective, using the instances from the text and the potential answer to the research questions is left open for discussion. Both primary and secondary sources of information have been used for textual analysis, examining the existential relations among humans in terms of affinity, disbelief and conflict with each other. The study concludes that the existential character's relationship with other characters is based on the affinity, disbelief and conflict among them, which is presented in the narrative of the novel.]

**शब्दकुन्जी** : अस्तित्ववाद, तत्व, सम्बन्ध, सत्य

[**KEYWORDS**: Existentialism, essence, relationship, reality]

**विषय परिचय**

उपन्यासकार ध्रुवचन्द्र गौतम (२०००) द्वारा लिखित *अप्रिय* (२०६७) उपन्यासलाई अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता मान्छेका बिचको सम्बन्धका कोणबाट यस लेखमा विश्लेषण गरिएको छ । ध्रुवचन्द्र गौतम नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा स्थापित छन् । उनले कविता, कथा, उपन्यास, नाटक, निबन्ध सिर्जना गरी नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका छन् । उनलाई नेपाली साहित्यमा प्रसिद्ध गराउने विधा उपन्यास पनि हो । वि.सं. २०२४ मा *अन्त्यपछि* उपन्यास प्रकाशन गराई हालसम्म पनि उक्त विधामा निरन्तर सिर्जना गरेका गौतमका उनन्तिसवटा उपन्यास प्रकाशित भइसकेका छन् । 'आख्यानपुरुष' र 'आविष्कारी आख्यानकार' का रूपमा सम्मानित गौतमले सामाजिक विकृति र बेथितिप्रति गहिरो ढङ्गले व्यङ्ग्य गरेको पाइन्छ । उनले उपन्यास लेखनको आरम्भदेखि अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गर्दै आएका र त्यस दृष्टिलाई आफ्ना सबै उपन्यासमा कम बढी मात्रामा अभिव्यक्त गरेका छन् । अस्तित्ववादको एक मूलभूत मान्यता अस्तित्वशील मानिसका बिचको सम्बन्धलाई उनले *अप्रिय* उपन्यासमा गहन ढङ्गले अभिव्यक्त गरेकाले यसै सैद्धान्तिक कोणबाट उक्त उपन्यासको विश्लेषण यस लेखमा गरिएको छ ।

अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको मानिसले अन्य मानिसकै माझमा रहेर तिनीहरूसँग सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । जीवनजगत्का विविध पक्षलाई आख्यानात्मक ढङ्गले गद्य भाषाका माध्यमबाट अभिव्यक्त गरिने साहित्यिक विधा उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको मान्यता अन्यसँगको सम्बन्धलाई समेत अभिव्यक्त गरिएको हुन्छ । *अप्रिय* उपन्यासका पात्रले अस्तित्वका लागि क्रियाशील रहँदा तिनका बिचमा स्थापित भएको सम्बन्धलाई आधार बनाई उक्त उपन्यासको प्राज्ञिक ढङ्गले विश्लेषण भएको देखिँदैन । अध्ययनको यही रिक्तताको परिपूर्ति गर्ने अभीष्ट यस लेखमा राखिएको छ । *अप्रिय* उपन्यासमा अस्तित्वशील मानिसका बिचमा कस्तो सम्बन्ध रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस लेखमा राखिएको छ ।

*अप्रिय* उपन्यासमा अस्तित्वशील मानिसका बिचको सम्बन्धलाई विश्लेषण गर्दा सम्बन्धगत निकटता, अन्यप्रति अविश्वास र सङ्घर्षपूर्ण स्थितिलाई सूचकका रूपमा उपयोग गरिएको छ । अस्तित्वशील मानिसले अन्य मानिससँग स्थापित गरेको सुमधुर सम्बन्ध सम्बन्धगत निकटता हो । अन्यले पुऱ्याएको व्यवधानका कारण तिनीहरूप्रति जागृत अविश्वास नै अन्यप्रतिको अविश्वास हो । अन्यसँग गरेको प्रतिवाद सङ्घर्षपूर्ण स्थिति हो । अस्तित्ववादको अन्य मानिसका बिचको सम्बन्धका कोणबाट *अप्रिय* उपन्यासको विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र र उक्त उपन्यासलाई अन्य मान्यताका कोणबाट विश्लेषण नगर्नु यस अध्ययनको सीमा हो । बहुसत्यमा आधारित, गुणात्मक अनुसन्धानढाँचा र पाठविश्लेषण विधिको

अवलम्बन यस लेखमा गरिएको छ । अस्तित्ववादको अन्यसँगको सम्बन्धसँग सम्बद्ध सूचकलाई आधार बनाई गरिएको यो अध्ययन नवीन, मौलिक र ज्ञानको उपयोगिताका दृष्टिले समेत महत्त्वपूर्ण रहेकाले यो अध्ययन औचित्यपूर्ण देखिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनमा अस्तित्वका लागि क्रियाशील मानिसका बिचमा निकटता, अविश्वास र सङ्घर्षपूर्ण स्थिति देखा पर्छ भन्ने कुरालाई तत्त्वमीमांसाका रूपमा उपयोग गरिएको छ । उक्त सत्यलाई पुष्टि गर्नाका लागि *अप्रिय* उपन्यासको सूक्ष्म अध्ययन गरी प्राप्त तथ्यका आधारमा पाठविश्लेषण विधिको उपयोग गरी ज्ञाननिर्माण गरिएको छ र सम्भावनालाई खुला नै छाडिएको छ । यस अध्ययनमा अध्ययनको क्षेत्रसँग सम्बद्ध ध्रुवचन्द्र गौतमको *अप्रिय* उपन्यासलाई सामग्रीको आकार र नमुनाको आकारका रूपमा ग्रहण गरिएको छ । यस अध्ययनमा सम्भाव्य नमुना छनोटअन्तर्गतको यादृच्छिक नमुना छनोट विधिलाई उपयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतको सामग्रीका रूपमा *अप्रिय* उपन्यास र द्वितीयक स्रोतका सामग्रीका रूपमा उक्त उपन्यासमा भएका पूर्वकार्य र उक्त उपन्यासको विश्लेषणका लागि निर्धारित सैद्धान्तिक पक्षसँग सम्बद्ध सामग्री रहेका छन् । यिनै सामग्रीबाट तथ्यसङ्कलन गरी उठान गरिएको समस्याको समाधान गरिएको छ । यस लेखमा उपयोग गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । मानिसका बिचमा रहेको सम्बन्धगत स्थितिको विश्लेषण गर्दा सम्बन्धगत निकटता, अन्यप्रतिको अविश्वास र सङ्घर्षपूर्ण स्थितिलाई अवधारणात्मक ढाँचाका रूपमा उपयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

अन्य मानिससँग सम्बन्ध स्थापित गर्दै अस्तित्वका लागि मानिस जीवनमा सक्रिय रहेको हुन्छ भन्ने मान्यता वरण गर्ने अस्तित्ववादी जीवनदृष्टि साहित्यिक रचनाको विश्लेषण गर्ने सैद्धान्तिक आधारका रूपमा रहेको छ । अस्तित्वशील मानिसका बिचको सम्बन्धका बारेमा अस्तित्ववादी जीवनदृष्टिका चिन्तकहरू हाइडेगर, सार्त्र र कामुले गहन ढङ्गले चर्चा गरेका छन् । अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको मानिसले अन्य मानिससँग सम्बन्ध विकसित गर्ने क्रममा तिनका बिचमा निकट सम्बन्ध स्थापित भएको हुन्छ । अन्यसँग रहेर मात्र मानिसले अस्तित्व स्थापित गर्न सक्छ भन्ने धारणा हाइडेगरले राखेका छन् (Habib, 2011, p. 221) । आफूलाई बनाउनका लागि अरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले अन्यको उपस्थितिविना अस्तित्वशील मानिसको अस्तित्व सुरक्षित रहँदैन । अस्तित्वका लागि अरू मानिससँग निकट रहन आवश्यक हुन्छ (Gorner, 2007, p. 56) । अन्यले आफ्नो मूल्याङ्कन गर्ने भएकाले नै तिनीहरूको भूमिका महत्त्वपूर्ण देखिएको हो । अन्यले आफ्नो मूल्याङ्कन कसरी गरिरहेका छन् भन्ने कुराको बोधका लागि तिनको उपस्थिति आवश्यक हुन्छ (Sartre, n.d., p. 365) । आफ्नो अस्तित्वका लागि प्रयत्न गरिरहेका अवस्थामा अन्य मानिसले प्रदान गरेको उत्प्रेरणा आफ्ना लागि उपयोगी हुने भएकाले अन्यको उपस्थिति महत्त्वपूर्ण देखिएको हो । मानिसले आफ्नो उद्देश्यको पूर्तिका लागि स्वतन्त्र निर्णय गरेको हुन्छ (Sartre, 1957/2011, p. n.d.) । स्वतन्त्र निर्णय नै मानिसको अस्तित्व स्थापित गर्ने आधार भएकाले त्यसका लागि उसले सक्रियता देखाएको हुन्छ । मानिसले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहँदा अन्य मानिससँग निकट सम्बन्ध स्थापित गरिरहेको हुन्छ । अन्यकै माझमा रहेर नै मानिसले निर्णय गरेको हुन्छ (Sartre, 1947/2007, p. 47) । मानिसले निर्णय, सङ्घर्ष, असफलता, समस्या आदि कुराको सामना अन्यकै माझमा रहेर गरिरहेको हुन्छ । आफूलाई बनाउनका लागि अन्यको भूमिका उपयोगी, सहयोगी, सकारात्मक प्रकारको हुने र तिनको आवश्यकता पनि देखिने भएकाले अस्तित्वशील मानिसले अन्यसँग निकट सम्बन्ध स्थापित गरेको हुन्छ । अस्तित्वशील मानिसले अन्यलाई वस्तु ठानेपछि र अन्यले पनि आफूलाई वस्तु ठान्नु अन्यथा होइन भन्ने भावना विकास भएका अवस्थामा मानिसका बिचमा निकट सम्बन्ध स्थापित भएको हुन्छ ।

अस्तित्वशील मानिसका बिचमा विकसित अविश्वासको स्थितिका कारण तिनका बिचमा स्थापित निकट सम्बन्धमा समस्या आइपरेको हुन्छ । अन्यले आफूलाई उपयोग गरिरहेको छ भन्ने कुराको बोध

मानिसमा भएपछि नै तिनका बिचको सम्बन्धमा अविश्वास सिर्जना भएको हुन्छ । एकले अर्कालाई वस्तुका रूपमा हेर्ने तर सम्झौता गर्ने पद्धतिको विकास नहुनु नै तिनका बिचको सम्बन्ध बिग्रनुको मूल कारण हो । अरूले वस्तुका रूपमा गरेको व्यवहारले अस्तित्वशील मानिसलाई समस्या दिएको हुन्छ (प्रधान, सन् १९७१, पृ. ७८) । स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहेका अवस्थामा अन्य मानिसले सिर्जना गरेको व्यवधान र उपेक्षा अस्तित्वशील मानिसका लागि स्वाभाविक हुँदैन । अन्य मानिसलाई वस्तुका रूपमा लिँदै आफ्नो बन्धनमा राख्ने प्रवृत्तिका कारण मानिसका बिचमा अविश्वास बढ्दै जान्छ (Sartre, n.d., p. 364) । अरूको अस्तित्व, उन्नति, प्रगतिको स्तुति गर्दा आफ्नो अवनति भएको अनुभूति मानिसले गरिरहेका अवस्थामा तिनका बिचमा नकारात्मक खालको सम्बन्ध विकसित भएको हुन्छ । मानिसका बिचमा एकले अर्काको कामप्रति चासो राख्ने, त्यसका प्रति नकारात्मक दृष्टिकोण दर्साउने प्रवृत्तिका कारण तिनका बिचको सम्बन्ध बिग्रिएको  हुन्छ । यसै कारण नै सार्त्रले अन्य मानिसलाई नर्कका रूपमा चिनाएका छन् (Sartre, 1989, p. 45) । अस्तित्वका लागि मानिसकै माझमा रहनुपर्ने तथा अरूप्रति सकारात्मक धारणा राख्न पनि नसक्ने प्रवृत्तिका कारण तिनका बिचको सम्बन्धमा अविश्वास सिर्जना भएको हुन्छ । मानिसले आफूलाई केन्द्रमा राख्ने र अरूलाई उपेक्षा गर्ने प्रवृत्तिका कारण तिनका बिचमा अविश्वासको वातावरण सिर्जना भएको हुन्छ ।

समाजमा रहेर अस्तित्वका लागि क्रियाशील रहेका अवस्थामा अन्य मानिसले सिर्जना गरेका बाधाको प्रतिवाद गर्दा मानिसका बिचमा सङ्घर्षपूर्ण स्थिति सिर्जना भएको हुन्छ भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको छ । स्वनिर्मितिका लागि मानिसले स्वतन्त्र निर्णय गर्दै र जगत्सँग सम्बन्ध स्थापित गर्दै जीवनमा सक्रियता देखाइरहेको हुन्छ । यस्तो अवस्थामा अन्य मानिसले उसको सक्रियता र क्रियाशीलताप्रति असन्तुष्टि, आक्रोश एवम् अवरोध सिर्जना गरेका हुन्छन् । यस्तो अवस्थामा अस्तित्वशील मानिसमा जडतालाई स्वीकार गर्ने वा व्यवधानको प्रतिवाद गर्ने भन्ने विकल्प अगाडि आउँछन् । स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय भएको मानिसमा जडतालाई स्वीकार गर्ने प्रवृत्ति देखिँदैन, परिणामतः उसले व्यवधानको प्रतिवाद गर्नै पर्छ । यही स्थितिबाट नै मानिसका बिचमा सङ्घर्षपूर्ण स्थिति सिर्जना भएको हुन्छ । एक मानिसले अर्को मानिसको अस्तित्व स्वीकार नगर्ने प्रवृत्तिका कारण तिनका बिचमा सङ्घर्षपूर्ण स्थिति देखिन्छ (शर्मा, सन् १९९३, पृ. १०४) । अन्य मानिसका क्रियाकलाप असहिष्णु बन्नु, अर्कालाई उपेक्षा गर्नु तथा आफूलाई मात्र महत्त्व दिने कारणले नै मानिसका बिचमा सङ्घर्ष देखा परेको हो । मानिसले गरेको यो सङ्घर्ष प्रामाणिक अस्तित्वका लागि हो । अस्तित्वशील मानिसले आफूले गरेका निर्णय र सङ्घर्षका कुरा अन्यसँग अभिव्यक्त गर्दा नै तिनका बिचमा सङ्घर्ष देखा परेको हुन्छ (Heidegger, 1962, p. 155) । अस्तित्वशील मानिसले गरेका प्रयत्नलाई स्वाभाविक ठान्ने प्रवृत्ति अन्य मानिसमा नदेखिएका कारणले नै तिनका बिचमा सङ्घर्षपूर्ण वातावरणको सिर्जना भएको हुन्छ । आफूमाथि व्यवधान सिर्जना गर्ने व्यक्तिसँग निकट रहनुपर्ने बाध्यता अस्तित्वशील मानिसमा रहेको हुन्छ । अस्तित्वका लागि मानिस अन्य मानिससँगै रहनुपर्छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. १६६) । अन्यको उपस्थितिविना मानिसले आफ्नो अस्तित्व प्रमाणित गर्न सक्दैन । सामाजिक सम्बन्ध मानिसका लागि आवश्यक हुन्छ (Blackham, 1952/2002, p. 91) । आफ्नो मूल्याङ्कन अन्यले गर्नुपर्ने भएकाले तिनीहरूसँग सम्बन्ध स्थापित गर्नुपर्छ र त्यो सम्बन्ध सधैँ स्वाभाविक खालको देखिँदैन । त्यस्तो अवस्थामा अन्यसँग विद्रोह गर्नुपर्ने स्थिति मानिसमा आइपुग्छ । व्यवधानका विरुद्ध मानसिले विद्रोह गर्नुपर्छ (Camus, 1956/1991, p. 10) । आफ्नो अस्तित्वका लागि एक्लै निर्णय गर्दै सक्रिय रहेको मानिसले व्यवधानका विरुद्ध पनि एक्लै सङ्घर्ष गर्नुपर्छ । अन्यले सिर्जना गरेको अवरोधका कारण नै मानिसमा प्रतिरोधको भावना जागृत हुने गर्दछ । अस्तित्वशील मानिस यथास्थितिको विरोधी हुन्छ । जडतालाई उसले स्वीकार गरेको हुँदैन । उसमा जागृत चित् भविताका कारण नै स्वनिर्मितिका लागि क्रियाशील रहँदा अन्य मानिसले गरेको अस्वाभाविक क्रियाकलाप उसको अस्तित्वका लागि बाधक हुन्छ । यसैको परिणति नै उसले अन्यसँग सङ्घर्ष गर्नुपर्ने बाध्यता आइपरेको हुन्छ । एक मानिसले अर्को मानिसलाई वस्तुका रूपमा ठान्दै नियन्त्रणमा राख्ने प्रवृत्तिले तिनका बिचमा सङ्घर्षपूर्ण स्थिति देखा पर्छ (Sartre, n.d., p. 364) । मानिसका बिचमा देखिने यसै सङ्घर्षका कारणले तिनका बिचमा सुमधुर सम्बन्ध छैन भन्ने कुरालाई समेत प्रमाणित गरिदिन्छ । आफू हुनुको बोध मानिसले समाजसँग सम्बद्ध भएपछि मात्र गर्छ (पाण्डे, २०६२, पृ. ७०) । अन्यले उपेक्षा,

ईर्ष्या, व्यवधान गरे पनि अस्तित्वका लागि तिनीहरूसँग सम्बन्ध स्थापित गर्नु मानिसको आवश्यकता र बाध्यता दुवै हो । यसै कारण अन्यसँग सङ्घर्षपूर्ण स्थिति सिर्जना भए पनि अस्तित्वका लागि सम्बन्ध स्थापित गर्नै पर्छ भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको छ । अस्तित्वशील मानिसले अन्यसँग सम्बन्ध स्थापित गर्दा तिनका बिचमा निकटता, अविश्वास र सङ्घर्षपूर्ण स्थिति देखा पर्छ भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको र उक्त मान्यता उपन्यास विश्लेषणको सैद्धान्तिक आधारसमेत हुने भएकाले यस लेखमा *अप्रिय* उपन्यासको विश्लेषणका लागि सिद्धान्तका रूपमा उपयोग गरिएको छ ।

## विमर्श र नतिजा

नेपाली साहित्यको उपन्यास विधामा नवीन प्रयोगहरू गरी आफूलाई विशिष्ट साहित्यकारका रूपमा स्थापित गराउन सफल ध्रुवचन्द्र गौतमद्वारा लिखित *अप्रिय* उपन्यासमा आफ्नो अस्तित्वका लागि अन्यको सहयोगको अपेक्षा गर्दा थप समस्या भोग्नुपरेको कुरालाई केन्द्रीय कथ्य बनाइएको छ । काठमाडौँलाई कार्यपीठिका बनाई रचना गरिएको यस उपन्यासमा प्रमुख पात्रहरू केशवप्रसाद र राम उपाध्यायले एकले अर्कालाई उपयोग गरी आफ्नो अस्तित्व स्थापित गर्ने प्रयत्न गरिरहेका छन् । आफ्नो वचनमा प्रतिबद्ध नरहने प्रवृत्तिका कारण यी पात्रका बिचमा स्थापित सुमधुर सम्बन्ध बिग्रन पुगेको कुरालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ । अस्तित्वका लागि एकले अर्कासँग सम्बन्ध स्थापित गरेको कुरा यस उपन्यासको विषयसूत्र हो । यस उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भए पनि यहाँ भने अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता मानिसका बिचको सम्बन्धका कोणबाट विश्लेषण गर्नाका निम्ति निर्धारित सूचकहरू सम्बन्धगत निकटता, अन्यप्रतिको अविश्वास र सङ्घर्षपूर्ण स्थितिका कोणबाट विश्लेषण गरिएको छ ।

### *सम्बन्धगत निकटता*

*अप्रिय* उपन्यासमा अन्यसँग सम्बन्ध स्थापित गरेर मात्र आफ्नो अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने कुरालाई प्रमुख पात्र केशवप्रसादका क्रियाकलापका माध्यमबाट अभिव्यक्त गरिएको छ । एउटा सुब्बाङ्गीको जागिरका भरमा आठजनाको परिवार पाल्न विवश पात्रका रूपमा केशवप्रसादलाई चित्रण गरिएको छ । कर्मप्रति प्रतिबद्ध, नैतिकताप्रति सचेत, श्रमप्रति लगनशील र पारिवारिक जिम्मेवारी बोध गर्ने पात्रका रूपमा चित्रित केशवले आफ्नो परिवार धान्नाका लागि कार्यालयको कामका अतिरिक्त हाकिमका घरमा समेत काम गरी जीवन निर्वाह गर्न प्रयत्नशील देखिएको छ । परिवारप्रतिको जिम्मेवारीबोधका कारण केशवले समस्या भोगेको छ (न्यौपाने, सन् २०२३, पृ. १६३) । पारिवारिक जिम्मेवारी वहन गर्न नसकेमा आफ्नो अस्तित्वमा गम्भीर समस्या आउँछ भन्ने कुराप्रति यो पात्र सचेत देखिएको छ । पारिवारिक ममत्व र सामाजिक प्रतिष्ठालाई सुरक्षित गर्नाका लागि हाकिमका घरमा अतिरिक्त काम गर्नु, उनीहरूको खुसीका लागि आफ्नै घरमा समेत खानपिनको प्रबन्ध गर्नुले यस पात्रले उनीहरूसँग निकट सम्बन्ध स्थापित गरेको छ भन्ने कुरा स्पष्ट हुन्छ । हाकिमको खुसीका लागि उनीहरूलाई आफ्नो घरमा सहजै प्रवेश दिनु र भोजनको प्रबन्ध गर्नु तथा हाकिमहरूले पनि केशवको परिवारलाई आर्थिक सहयोग गर्नुले यिनीहरूका बिचमा निकट सम्बन्ध छ भन्ने कुरालाई पुष्टि गर्दछ । उपन्यासको यस साक्ष्यले उक्त कुरालाई प्रमाणित गरिदिएको छ -"यही त्यो क्षण हुन्थ्यो, जसको स्वागतका लागि मेरो सम्पूर्ण परिवार आधी रात नाघे पनि बिउँभिरहन्थ्यो । केटाकेटी छन् र झकाउन थालेका छन् भने तिनलाई पानी छ्यापेर भए पनि साबुत राखिन्थ्यो । आँखा लोलाउन सख्त मनाही हुन्थ्यो" (गौतम, २०६७/२०६९, पृ. १७) । केशवले घरपरिवारभित्र हाकिमहरूलाई बारम्बार प्रवेश गर्न दिई उनीहरूलाई भोजन र मनोरञ्जनको व्यवस्था गर्नु तथा उसको घरमा हाकिमहरू पनि बारम्बार आइरहनुले यिनका बिचमा निकट सम्बन्ध रहेको छ भन्ने कुरा पुष्टि हुन्छ । आफ्नो जीवनमा आइपरेको मूलतः आर्थिक सङ्कटबाट मुक्त भई पारिवारिक जिम्मेवारी वहन गर्ने कुरामा हाकिमहरूको सहयोग फलदायी हुन्छ भन्ने कुराप्रति सचेत बन्दै आफ्नै अस्तित्वका लागि केशवले हाकिमहरूसँग निकट सम्बन्ध स्थापित गरेको हो भन्ने कुरा उसका क्रियाकलापले स्पष्ट पारेको देखिन्छ ।

अन्यसँग सम्बन्ध स्थापित गरेर आफ्नो अस्तित्व स्थापित गर्न सकिन्छ भन्ने कुराप्रति *अप्रिय* उपन्यासको प्रमुख पात्र केशवप्रसाद सचेत भएर नै अर्को पात्र लेखक राम उपाध्यायको उपान्यासको पात्र

बन्ने कुराप्रति समर्थन जनाएको देखिन्छ । आफ्नो आर्थिक दुर्बलताका कारण शिथिल बनेको पात्र केशव उक्त समस्याबाट मुक्तिका लागि अनेक प्रयत्न गरे पनि त्यसबाट छुटकारा पाउन सकेको छैन । आफ्नै अपेक्षा, श्रीमतीका चाहना, छोराछोरीका रुचि पूरा गर्न नसक्ने प्रमुख कारण उसको आर्थिक दरिद्रता नै हो । यस्तो अवस्थामा आफ्नै घरमा आएको पात्र राम उपाध्यायले आफ्नो उपन्यासको पात्र बनेबापत आर्थिक सहयोग गर्ने भनी गरेको प्रस्ताव केशवका लागि अस्तित्व सुरक्षित गर्ने आधार बनेको छ । यसैको परिणति स्वरूप नै उसले उक्त प्रस्तावलाई स्वीकार गरेको हो भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"म स्वतन्त्र बाँच्छु, ऊ स्वतन्त्र लेख्छ । मेरो आधार लिन्छ भने लेओस् । आधार लिनु भनेको शरीरको मासु नै काटेर लिनु होइन ? म त साबुतै र जस्ताको तस्तै रहन्छु" (गौतम, २०६७/२०६९, पृ. ३१) । आफूलाई आधार बनाएर उपन्यास सिर्जना गर्दा आफ्नो अस्मितामा त्यस्तो नकारात्मक असर नपर्ने कुराप्रति विश्वस्त बनेको केशवले बरु आफ्नो कमजोर आर्थिक अवस्थालाई सुधार गर्नाका लागि सहयोग गर्छ भन्ने कुराप्रति स्पष्ट देखिएको छ । आर्थिक रूपमा सबल पात्रको निकट बन्दा र त्यसको अपेक्षालाई आफूले पूरा गरिदिँदा प्राप्त हुने रकमले आफ्नो कमजोर आर्थिक हैसियतलाई सुधार गर्न मदत गर्छ भन्ने कुराप्रति केशव सचेत देखिएको छ । यसैको परिणति स्वरूप नै राम उपाध्यायले सिर्जना गर्न खोजेको उपन्यासको पात्र बन्ने कुराप्रति सहमति जनाएको हो । केशवले गरेको यो प्रयत्न आफ्नै अस्तित्वका लागि हो । अन्यसँग निकट सम्बन्ध स्थापित गरेर मात्र आफ्नो अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने कुराप्रति सचेत भएर नै केशवले राम उपाध्यायको उपन्यासको पात्र बन्ने कुराप्रति स्वीकृति जनाएको हो ।

अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको मानिसले अन्यसँग निकट सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने कुराप्रति सचेत बन्छ भन्ने कुरालाई *अप्रिय* उपन्यासको एक पात्र राम उपाध्यायले केशवसँग स्थापित गरेको सम्बन्धले समेत स्पष्ट पारेको छ । जीवनजगत्का यथार्थ पक्षलाई आफ्नो सिर्जनामा उतार्नाका लागि उद्यत पात्रका रूपमा राम उपाध्याय उपन्यासमा चित्रित छ । सिर्जनशील क्षमतायुक्त यस पात्रले उपन्यास सिर्जनाका माध्यमबाट आफ्नो अस्तित्व सुरक्षित गर्न प्रयत्न गरिरहेको छ । उपन्यासको अन्त्यतिर यसले केशवप्रसादको परिवारमा नराम्रोसँग खेली खलत्वपूर्ण व्यवहार गरे पनि प्रारम्भमा भने यसले केशवसँग सकारात्मक व्यवहार नै गरेको छ । केशवलाई पात्र बनाई उपन्यास सिर्जना गर्दा उक्त रचना जीवन्त बन्छ भन्ने कुराप्रति यो पात्र सचेत बनेर नै आफ्नो श्रम र सम्पत्ति उक्त सिर्जनामा लगाउन चाहेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> तपाईँलाई लगेर उपन्यासको पानामा टाँस्ने होइन । तपाईँको जीवन जस्ताको तस्तै लेख्ने होइन । मेरो कल्पना यति धेरै हुन्छ, त्यो तपाईँ नरहेर एउटा काल्पनिक पात्र नै मानिन्छ । मैले मलाई कल्पना गर्ने आधारका रूपमा तपाईँलाई राख्ने हो । तपाईँ आफ्नो स्वतन्त्र जीवन जसरी बाँचिरहनुभएको छ त्यसै गरी बाँच्नुहुन्छ । मेरो पात्र उपन्यासका पानामा अलग्ग बाँच्छ । (गौतम, २०६७/२०६९, पृ. ३१)

माथिको उद्धरणबाट उपन्यास सिर्जना गरेर आफ्नो अस्तित्व स्थापित गर्न प्रयत्नशील पात्र राम उपाध्यायको प्रस्तावप्रति केशव सशङ्कित बनेका अवस्थामा उसलाई विश्वस्त बनाउनका लागि रामले दिएको अभिव्यक्तिले तिनका बिचमा निकट सम्बन्ध रहेको कुरालाई स्पष्ट पारेको छ भन्ने कुरा बोध भएको छ । केशवलाई धम्क्याउने, उपेक्षित गर्ने तथा तिरष्कार गर्ने प्रवृत्ति राम उपाध्यायमा देखिँदैन । केशवको मनमा जागृत भयलाई सकारात्मक रूपमा लिई उक्त भयलाई हटाउनाका लागि रामले गरेको प्रयत्नलाई अन्यसँग सुमधुर सम्बन्ध राखेर मात्र अस्तित्व स्थापित गर्न सकिन्छ भन्ने कुराप्रति राम सचेत छ भन्ने कुराको बोध हुन्छ । अन्य अस्तित्वका लागि सहयोगी हुने भएकाले तिनीहरूसँग निकट सम्बन्ध स्थापित गर्नुपर्छ भन्ने कुराको बोध भएर नै रामले केशवसँग निकट सम्बन्ध स्थापित गरेको हो भन्ने कुरा उसका क्रियाव्यापारका माध्यमबाट स्पष्ट भएको छ ।

### *अन्यप्रतिको अविश्वास*

अस्तित्वशील पात्रले अन्य मानिससँग सम्बन्ध स्थापित गरी आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न गरिरहेका अवस्थामा अन्यबाट भोग्नुपरेका उपेक्षा र अपमानका कारण उसप्रति विकसित भएको सम्बन्धगत निकटतामा अविश्वास सिर्जना हुन्छ भन्ने कुरालाई *अप्रिय* उपन्यासको प्रमुख पात्र केशवप्रसादले अर्को पात्र

राम उपाध्यायप्रति गरेको अविश्वासको सन्दर्भले पुष्टि गरेको देखिन्छ । आफ्नो बिग्रँदो आर्थिक हैसियतलाई सुधार गर्नाका लागि उपन्यासको प्रारम्भमा राम उपाध्याय सहयोगी पात्रका रूपमा देखिए पनि उसले क्रमशः केशवको वैयक्तिक अस्मितामाथि गम्भीर ढङ्गले आक्रमण गर्न थालेपछि उसमा रामप्रति अविश्वासको भावना जागृत हुन थालेको देखिएको छ । जीवनमा समस्या भोगे पनि स्वाभिमान जोगाएको सत् पात्रका रूपमा वर्णित केशवलाई रामले आफूले सिर्जना गर्दै गरेको उपन्यासमा नीच पात्रका रूपमा चित्रण गरिरहेको छ । केशवलाई विलासी, भ्रष्टाचारी, हाकिमकी श्रीमती र छोरी ताक्ने, षड्यन्त्रकारी, नाफा खाने, सामूहिक बलात्कार गर्ने जस्ता नीच पात्रका रूपमा चित्रण गर्ने लेखक रामको प्रवृत्तिका कारण नै उसप्रति केशवको अविश्वास बढ्दै गएको हो भन्ने कुरा स्पष्ट हुन्छ । केशवले रामप्रति अविश्वास गर्दै गएको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -“लेखकले मलाई अलिकति पैसा भएको धेरै मात्रामा पैसा खाने रूपमा समेत चित्रित गरिदियो । यहीँबाट मेरो आपत्ति थालिन्छ” (गौतम, २०६७/२०६९, पृ. ३८) । जीवनजगत्का यथार्थ पक्षलाई आफ्ना उपन्यासमा चित्रण गर्नाका लागि उपयुक्त पात्रको खोजी गरेको भन्ने कुराका आधारमा केवशले रामको उपन्यासको पात्र बन्न स्वीकार गरेको हो । आफ्नो आचरणअनुकूल नै चित्रण गर्ला भन्ने अपेक्षाविपरीत लेखक रामले केशवलाई नकारवृत्ति भएको पात्रका रूपमा आफ्नो उपन्यासमा चित्रण गर्न थालेको छ । लेखकको यही प्रवृत्तिका कारण नै यी दुई पात्रका बिचमा सम्बन्ध बिग्रिएको देखिन्छ । केशवको वैयक्तिक अस्मितामाथि आँच पुग्ने ढङ्गले चित्रण गर्ने लेखकको आपत्तिजनक व्यवहार नै केशवका लागि पीडादायी बनेको छ । यसैका कारण नै यसले लेखकलाई अविश्वास गरेको देखिन्छ ।

*अप्रिय* उपन्यासमा पात्रका रूपमा प्रयुक्त लेखक राम उपाध्यायले प्रमुख पात्र केशवप्रसादको वैयक्तिक अस्मितामा आँच पुऱ्याउने ढङ्गले चित्रण गर्नुका अतिरिक्त उसको पारिवारिक वृत्तमा पारेको प्रभावका कारण पनि केशवमा उसप्रतिको अविश्वासको भावना बढ्दै गएको देखिन्छ । समय समयमा आर्थिक सहयोग गर्नेबाहेक अन्य कुरामा समस्या सिर्जना गरिरहेको पात्रका रूपमा राम उपाध्याय यस उपन्यासमा चित्रित छ । आफ्नो घरमा बसेर आफ्नै अस्मितामाथि गम्भीर षड्यन्त्र गरेका कारण नै रामप्रति केशव नकारात्मक बनेको हो (न्यौपाने, खड्का र सापकोटा, २०८१, पृ. ३५) । केशवको घरमै प्रवेश गरेर परिवारका सदस्यमाथि हस्तक्षेप गर्ने प्रवृत्ति बढ्दै गइरहेको छ । राम षड्यन्त्रकारी, निरङ्कुश, स्वेच्छाचारी, केशवका छोराछोरीहरूलाई गलत बाटामा लाग्न प्रेरित गर्ने तथा केशवकी श्रीमतीलाई समेत प्रभाव पार्न थालेपछि केशवले त्यस घरमा आफ्नोपन गुमाउँदै गएको अनुभव गर्न थालेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -“यो लेखक प्रवेश गरेर केही नगदको बदलामा हाम्रो आफ्नो जस्तो लाग्ने सबै वास्तविकता हरण गऱ्यो” (गौतम, २०६७/२०६९, पृ. ५८) । केशवको वैयक्तिक अस्मिता, घरपरिवार सबैतिर गम्भीर ढङ्गले आक्रमण गर्ने प्रवृत्ति राममा विकसित भइरहेको छ । बढेका छोरीहरूलाई राति बाह्र बजेसम्म बुढानिलकण्ठतिर घुमाउने, छोराहरूलाई गुन्डागर्दीमा लाग्नाका लागि उत्प्रेरित गर्ने, घरका लागि आवश्यक वस्तु ल्याएर परिवारका सम्पूर्ण सदस्यलाई केशवका विरुद्धमा उभ्याउने जस्ता राम उपाध्यायका गलत क्रियाकलापले केशवको वैयक्तिक अस्मितामा गम्भीर समस्या खडा गरिदिएको छ । आफ्नो समस्या समाधानका लागि सहयोगी बन्ला भनेर सम्बन्ध स्थापित गरेको पात्रबाट यस्ता घृणित व्यवहार हुन थालेपछि केशवले रामप्रति अविश्वास प्रकट गरेको बुझिन्छ । “अब मलाई उससित डर लाग्न थाल्यो । ऊ म विरुद्ध एक भयानक खेल खेल्दै थियो, आफ्नो मनमानी गर्दै । ऊ निरङ्कुश सत्ताधारीजस्तै मेरो अस्तित्व मेट्ने जालमा लागेको देखिन थाल्यो” (गौतम, २०६७/२०६९, पृ. ५९) । उपर्युक्त उद्धरणमा केशवले रामलाई अविश्वास गर्नुको कारणका बारेमा स्पष्ट पारिएको छ । चतुर एवम् कपट स्वभावको राम उपाध्यायले केशवको वैयक्तिक अस्मितामाथि गम्भीर षड्यन्त्र गरिरहेको छ । रामले केशवलाई चरित्रहीन, पारिवारिक जिम्मेवारी पूरा गर्न नसकेको, सामाजिक प्रतिष्ठाबाट उपेक्षित बन्दै गएको पात्रका रूपमा आफ्नो उपन्यासमा चित्रण गरेका कारण नै उसप्रति केशवको विश्वास घट्दै गएको देखिन्छ ।

*अप्रिय* उपन्यासमा अर्काको अस्मितामाथि खेलवाड गरी खलत्व भएको पात्रका रूपमा चिनिएको पात्र राम उपाध्यायले उपन्यास सिर्जनाका माध्यमबाट आफ्नो अस्मिता सुरक्षित गर्ने प्रयत्न स्वरूप केशवलाई आर्थिक सहयोग गरी त्यसको बदलामा उसलाई उपन्यासमा आफूअनुकूल चित्रण गर्ने कुरामा व्यवधान सिर्जना हुँदा केशवसँगको सम्बन्धमा अविश्वासको वातावरण सिर्जना भएको छ । केशव कमजोर

आर्थिक अवस्थाका कारण लेखकसँग निकट बन्न बाध्य भएको छ (भट्टराई, २०६७/२०६९, पृ. ट) । आर्थिक शिथिलताका कारण परिवार धान्न समस्या भोगेको पात्र केशवलाई आर्थिक सहयोग गर्ने राम उपाध्यायको प्रयत्न उपयुक्त देखिए पनि त्यसको अनुचित लाभ लिने प्रयत्न नै यी दुई पात्रका बिचमा सम्बन्ध बिग्रने मूल कारण बनेको छ । आफूले लगानी गरेपछि निर्मम ढङ्गले चित्रण गर्न पाउनुपर्छ भन्ने मनोवृत्ति राममा रहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"अनि त्यतिका पैसा दिएपछि तिमीलाई म के लेखिरहेको छु त्यससित सरोकार हुँदैन । त्यसलाई हस्तक्षेप भन्दछन् । कुनै पनि स्वाभिमानी लेखकलाई त्यस्तो हस्तक्षेप मन पर्दैन" (गौतम, २०६७/२०६९, पृ. ५७) । लेखक व्यक्तिको अस्मिताप्रति सचेत छैन, मात्र आफ्नो लगानीको लाभ लिने कुराप्रति सचेत देखिनु नै यिनका बिचमा सम्बन्ध बिग्रने कारण बनेको छ । आफूले लगानी गरेपछि आफूअनुकूल चित्रण गर्न पाउनुपर्छ भन्ने मनोवृत्ति राममा देखिनु र सम्झौताप्रति केशवले प्रतिवाद गर्नुले यिनका बिचको सम्बन्ध सुमधुर बन्न नसकेको हो । अर्काको खाएपछि सहनुपर्छ भन्ने मनोवृत्ति केशवमा देखिएको छैन अनि अर्काको स्वाभिमानप्रति सचेत बन्नुपर्छ भन्ने भावना लेखकमा रहेको छैन । केशवको सत् चरित्रमाथि लेखकले गम्भीर ढङ्गले आक्रमण गरिरहेको छ । लेखकको उक्त व्यवहारलाई केशवले उपयुक्त मानेको छैन । त्यसैको परिणाम स्वरूप लेखकका गलत कार्यप्रति केशव असन्तुष्ट बनेको छ । आफूले जुन अपेक्षाले लगानी गरेको हो त्यसमा अवरोध सिर्जना हुँदा आफ्नो अतित्वमा समस्या आएको बोध रामले गरेको छ । यसैको परिणतिले यी दुई पात्रका बिचमा सम्बन्धगत निकटता स्थापित हुन नसकेको हो । रामले आर्थिक सहयोग गरेको र केशवलाई पात्र बनाइराखेका कारण यी दुई पात्र अलग हुन पनि सकेका छैनन् र सम्बन्ध सुमधुर बनाउन पनि सकेका छैनन् ।

***सङ्घर्षपूर्ण स्थिति***

*अप्रिय* उपन्यासमा अस्तित्वशील पात्रका रूपमा चिनिएका केशवप्रसाद राम उपाध्यायले आआफ्नो अस्तित्वका लागि प्रयत्न गरिरहेका अवस्थामा सिर्जित व्यवधानको प्रतिवाद गर्दा तिनका बिचमा सङ्घर्षपूर्ण स्थिति सिर्जना भएको देखिन्छ । आफ्नो समस्याबाट उन्मुक्त भई अस्तित्व सुरक्षित गर्ने प्रयत्न गरिरहेका अवस्थामा राम उपाध्यायले गरेको दुष्प्रचार नै केशवका लागि अस्तित्वमा बाधा पुऱ्याउने खालको देखिएको छ । जीवनमा नकारवृत्तिबाट अलग रही स्वस्थ र सुन्दर वैयक्तिक र पारिवारिक सम्बन्ध स्थापित गर्ने स्वच्छ मनासायबाट अभिप्रेरित पात्रका रूपमा वर्णित केशवको स्वाभिमानमा लेखक रामले आफ्नो सिर्जनाका माध्यमबाट गम्भीर ढङ्गले आक्रमण गरिरहेको छ । केशवलाई चरित्रहीन, भ्रष्ट, स्त्रीलम्पट, व्यभिचारी पात्रका रूपमा आफ्नो उपन्यासमा चित्रण गरेका अवस्थामा केशवका लागि यो सुपाच्य नदेखिनु नै यिनका बिचमा सङ्घर्षपूर्ण स्थिति सिर्जना हुने आधार बनेको छ । यी दुई पात्रका बिचमा रहेको सङ्घर्षपूर्ण स्थितिलाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"यु आर युजिङ मि फर योर ग्रिड फर फेम । आई पे फर द्याट, विथ योर कन्सेन्ट । रकमको कुरा सन्नासाथ, म चरम उत्तेजनामा पुगेको थिएँ । मैले एक्कासि उसको कलर च्याप्प समाएँ । म एकदम आक्रान्त भएको अनुमान गर्न थालेँ" (गौतम, २०६७/२०६९, पृ. ६४) । केशवले अन्य मानिससँग सम्बन्ध स्थापित गरेर अस्तित्व सुरक्षित गर्ने अभिलाषा वरण गरेका अवस्थामा त्यस अपेक्षाविपरीत अन्य व्यक्तिबाट आफ्नो अस्मितामा धुमिल तुल्याउने प्रवृत्ति देखिएको छ । त्यस्तो प्रवृत्तिको विकास गर्ने पात्र रामको प्रतिवाद केशवले गरेको सन्दर्भले यी पात्रका बिचको सम्बन्ध सङ्घर्षयुक्त रहेको छ भन्ने कुराको पुष्टि हुन्छ । केशवले रामको प्रतिवाद गर्नुले यिनका बिचमा द्वन्द्व रहेको बुझिन्छ (रेग्मी, २०६८, पृ. ४५) । रामका कर्तुतका कारण केशव उससँग असन्तुष्ट बनेको हो । राम उपाध्यायमा आफूले केशवप्रति गरेको व्यवहार अनुचित भएकाले त्यसबाट आफू सच्चिनुपर्छ भन्ने मनोभावना विकसित नहुनु र केशवलाई पात्र बनाई उपन्यासमा चित्रण गरेको सन्दर्भ स्वाभाविक हो भन्ने भावना रहनु तथा उसका यस्ता कुरा केशवका लागि उपयुक्त नदेखिनुले यिनका बिचको सम्बन्ध द्वन्द्वयुक्त रहेको छ भन्ने पुष्टि हुन्छ । रामका यस्ता क्रियाकलाप केशवका लागि प्रत्युत्पादक देखिएकाले त्यसको प्रतिवाद गर्नुले यी दुई पात्रका बिचको सम्बन्ध सङ्घर्षपूर्ण रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

अन्य व्यक्तिले आफ्नो अस्तित्वमा बाधा पुऱ्याएका अवस्थामा त्यसको प्रतिवाद गर्दा तिनका बिचमा सङ्घर्षपूर्ण स्थिति देखा पर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *अप्रिय* उपन्यासमा

रामले केशवको अस्मितामा बाधा पुऱ्याउने खालका क्रियाकलापको प्रतिवाद गरेका घटनाका माध्यमबाट अभिव्यक्त गरिएको छ । उपन्यासको प्रारम्भमा रामले आफ्नो सिर्जनशीलताको सदुपयोग गर्न र आफ्नो सिर्जनालाई जीवन्त तुल्याउनका लागि केशवलाई पात्र बनाई उपन्यास सिर्जना गर्ने र त्यसबापत रकम उपलब्ध गराउने भन्ने अभिव्यक्ति केशवका लागि स्वाभाविक देखिएको छ । आफ्नो अस्तित्वलाई सुरक्षित गर्नाका लागि रामको यस प्रस्तावलाई स्वीकार गर्नुले यी पात्रका बिचमा निकट सम्बन्ध देखा परे पनि अन्ततः आफ्नो चरित्रमाथिको आक्रमणले पीडित बनेको केशव आफ्नो परिवारमाथिको हस्तक्षेपबाट थप समस्यामा परेको छ । छोराछोरी, श्रीमती एवम् घरका गोप्य कुरामा समेत आफ्नो प्रभुत्व स्थापित गरेपछि केशव निरीह र एक्लो बन्न विवश भएको छ । आफूलाई यो अवस्थामा पुऱ्याउने पात्र राम उपाध्याय नै भएकाले त्यसका कर्तुतलाई सहज रूपमा स्वीकार गर्नु अस्तित्वप्रति असचेत बन्नु हो भन्ने कुराप्रति केशव सचेत देखिएको छ । आफ्नो वैयक्तिक अस्मिता र पारिवारिक प्रतिष्ठामाथि गम्भीर ढङ्गले आक्रमण गरिरहेको पात्र रामप्रति असन्तुष्ट बन्दै त्यसको प्रतिवाद गरेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"मैले विद्रोह गर्ने अन्तिम प्रयास गरेँ । आक्रोश प्रबल वेगसाथ दगुर्न थाल्यो । म एक्कासि उसको घाँटी अँठ्याउन पुगेछु । मैले गर्छु भन्ने पनि थिएन । हत्या गर्छु भन्ने थियो" (गौतम, २०६७/२०६९, पृ. ९०) । केशवमा आपराधिक मनोवृत्तिको भावना जागृत गराउने पात्र राम नै हो । अर्काको अस्मितामाथि खेलेर आफ्नो अस्तित्व सुरक्षित गर्ने रामको प्रयत्न नै केशवका लागि अनुपयुक्त देखिएको छ । मानिस आफ्नो स्वाभिमानका विषयमा निकै सचेत देखिएको हुन्छ । केशवमा पनि यही किसिमको अवस्था देखिएको छ । असल, कर्मप्रति बफादार, चारित्रिक दृष्टिले उत्कृष्ट पात्रमा हिंसात्मक भावना जागृत गराउने कारक राम उपाध्यायका खराब क्रियाकलाप नै हुन् । यस पात्रका खराब कर्मको प्रतिवाद गर्दा यिनका बिचमा सङ्घर्षपूर्ण सम्बन्ध देखा परेको छ ।

*अप्रिय* उपन्यासका अस्तित्वशील पात्रका बिचमा सङ्घर्षपूर्ण सम्बन्ध रहेको छ भन्ने कुरालाई केशवप्रसाद र राम उपाध्यायले आफ्नो अस्तित्वका लागि अर्कालाई उपयोग गर्ने प्रवृत्तिलाई अवलम्बन गर्नु नै रहेको देखिन्छ । आफ्नो सत् चरित्रमाथि एकपछि अर्को गर्दै आक्रमण गर्ने राम उपाध्यायको क्रियाकलापप्रति केशव सन्तुष्ट देखिँदैन । सिर्जना र व्यवहारका माध्यमबाट केशवको चरित्रको मिथ्या प्रचार गर्ने र घरपरिवारलाई बिगार्ने लेखक राम उपाध्यायका क्रियाकलाप केशवलाई स्वीकार्य देखिएका छैनन् । त्यस्तो अनैतिक कर्ममा प्रवृत्त रहने पात्रबाट अलग रहने मनसाय केशवमा जागृत भएको छ । यसका अतिरिक्त केशवलाई पात्र बनाई जीवन्त उपन्यास सिर्जनाका माध्यमबाट ख्याति आर्जन गरी अस्तित्व स्थापित गर्ने लेखक रामको मनसाय रहेको देखिन्छ । एक पात्रले अर्कालाई उपयोग गरी अस्तित्व स्थापित गर्ने प्रयत्न गरिरहेका अवस्थामा यिनका बिचमा सङ्घर्षपूर्ण स्थिति देखा परेको हो भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"हामी अब छुट्टियौँ । तपाइँ जे मन लाग्छ त्यो लेख्नोस् । मेरो आधार लिने कुरा बिर्सनुस् । म जान्छु । .... तर मेरो उपन्यास नसकिउन्जेल, तिमी मैले खोजेको बेलामा हाजिर हुनुपर्दछ । बाहिर कतै जाँदा, मलाई भनेर जानुपर्ने हुन्छ । मेरो त्यत्रो रकमको करारमा पनि यिनै बुँदा राखिएका छन्" (गौतम, २०६७/२०६९, पृ. ९०) । केशवलाई पात्र बनाई उपन्यास सिर्जना गर्ने लेखक राम उपाध्यायका क्रियाकलापप्रति केशव सन्तुष्ट देखिएको छैन । त्यसैको परिणाम स्वरूप उसले सम्झौताप्रति बेवास्ता गर्दै लेखकको बन्धनबाट मुक्त हुने अपेक्षा राखेको देखिन्छ । उता आफूले रकम लगानी गरी सम्झौता गरेको व्यक्तिले सम्झौताअनुसार काम नगरी बिचमै छाड्न नदिने धारणा प्रस्तुत गरेको छ । केशवलाई पात्र बनाई उपन्यास सिर्जना गरी आफ्नो ख्याति राख्ने लेखकको अभिप्रायले ऊ आफ्नो अस्तित्वप्रति सचेत र संवेदनशील छ भन्ने कुराको बोध हुन्छ । यसै गरी आफूलाई पात्र बनाई उपन्यास सिर्जना गरेको लेखकले आफ्नो चरित्रलाई ध्वस्त पार्ने गरी चित्रण गरेकाले त्यसको बन्धनबाट मुक्त हुनै पर्छ भन्ने विचार केशवमा जागृत हुनुले ऊ पनि आफ्नो अस्तित्वप्रति सचेत र संवेदनशील देखिएको छ । यसरी आफ्नो अस्तित्वका बारेमा कुरा गर्दा अर्काको अस्तित्वमा समस्या देखिएको र दुवै पात्र आफ्नै अस्तित्वका विषयमा अडिग रहँदा यिनका बिचको सम्बन्धमा सङ्घर्षपूर्ण स्थिति रहेको कुरालाई यस उपन्यासमा आख्यानीकरण गरिएको छ ।

**निष्कर्ष**

काठमाडौँ उपत्यकालाई कार्यपीठिका बनाई लेखिएको *अप्रिय* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता अस्तित्वशील मानिसका बिचको सम्बन्धलाई घनीभूत रूपमा अभिव्यक्त गरिएको छ । यस उपन्यासमा निम्न मध्यम वर्गीय पात्र र आर्थिक रूपमा सबल पात्रले एकले अर्कालाई उपयोग गरी आफ्नो अस्तित्व स्थापित गर्ने प्रयत्न गर्दा यिनका बिचमा सम्बन्ध स्थापित भएको छ । अस्तित्वका लागि जडतालाई स्वीकार गर्नुहुन्न भन्ने भावना अस्तित्वशील पात्रमा देखिएको छ । यस उपन्यासका पात्रमा चित् भविताको सक्रियताका कारण यस्तो स्थिति देखिएको हो । जड भविताका अवस्थाबाट मुक्तिका लागि स्वतन्त्र निर्णय गर्दै अस्तित्वका लागि प्रयत्न गर्दा अन्यसँग सम्बन्ध स्थापित गर्नुपर्ने कुराप्रति अस्तित्वशील पात्र सचेत बनेको कुरालाई यस उपन्यासमा आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ । मानिसले आफ्नो अस्तित्व समाजमा नै प्रमाणित गर्ने र त्यसका लागि अन्यसँग सम्बन्ध स्थापित गर्नै पर्ने भएकाले यस उपन्यासमा पनि अस्तित्वशील पात्रले अन्य मानिससँग सम्बन्ध स्थापित गरेका छन् । उपन्यासका अस्तित्वशील पात्रहरू एकले अर्कालाई आफ्नो अस्तित्व स्थापित गर्ने आधारका रूपमा बोध गरेका अवस्थामा यस उपन्यासका ती पात्रका बिचमा निकट खालको सम्बन्ध देखिएको छ । आफ्नो अस्तित्वका लागि प्रयत्न गरिरहेका अवस्थामा अर्काले गरेको उपेक्षा र दुर्व्यवहारका कारण अन्य मानिसप्रति अस्तित्वशील पात्रले अविश्वास प्रकट गरेको कुरालाई समेत यस उपन्यासमा आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ । आफ्नो स्वाभिमान जोगाउनका लागि प्रयत्नशील रहँदा अन्य पात्रले व्यवधान सिर्जना गरेका अवस्थामा त्यसको प्रतिवाद गर्दा यस उपन्यासका अस्तित्वशील पात्रका बिचमा सङ्घर्षपूर्ण खालको सम्बन्धसमेत रहेको कुरालाई तिनै पात्रका क्रियाव्यापारका माध्यमबाट अभिव्यक्त गरिएको छ । अन्यको माझमा रहेर तिनीहरूसँग सम्बन्ध स्थापित गरी अस्तित्वका लागि प्रयत्न गरिरहँदा ती अस्तित्वशील मानिसका बिचमा निकटता, अविश्वास र सङ्घर्षपूर्ण खालको सम्बन्ध स्थापित भएको कुरालाई यस उपन्यासमा आख्यानीकरण गरिएको छ भन्ने निष्कर्षात्मक प्राप्ति यस अध्ययनको रहेको छ ।

**स्वार्थको द्वन्द्व**

*यो लेखकसंग कुनै प्रकारको स्वार्थको द्वन्द्व छैन ।*

**कृतज्ञता ज्ञापन**

*प्रस्तुत लेख अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस पोखराद्वारा सन् २०२४ मा प्रदान गरिएको अनुसन्धान अनुदान प्राप्त गरी सम्पन्न गरिएको अनुसन्धान प्रतिवेदनको आधारमा तयार पारिएको हो । संलग्न पदाधिकारी तथा सदस्यज्यूहरूप्रति आभारी छौं । साथै लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने विषय विज्ञज्यूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।*

**सन्दर्भ सामग्रीहरू**

गौतम, ध्रुवचन्द्र (२०६७/२०६९), *अप्रिय* (दोस्रो संस्क.), साझा प्रकाशन ।

न्यौपाने, श्रीधर (सन् २०२३), 'अप्रिय उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रता', *भैरहवा क्याम्पस जर्नल* । https://doi.org/10.3126/bhairahawacj.v6i1-2.65180

न्यौपाने, श्रीधर, खड्का, गिरबहादुर र सापकोटा, निर्मल (२०८१), 'शिरीषको फूल *र* अप्रिय उपन्यासमा अस्तित्ववादको अन्यसँगको सम्बन्ध', लघुअनुसन्धान प्रतिवेदन, अनुसन्धान तथा आविष्कार केन्द्र पृथ्वीनारायण क्याम्पस पोखरा ।

पाण्डे, ज्ञानू (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद*, नेपाली आख्यान समाज ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), 'अस्तिवाद : परिचयन', *वार्ताहरू*, कुमार प्रधान (सम्पा.), नेपाली साहित्य परिषद् ।

भट्टराई, गोविन्दराज (२०६७/२०६९), 'विश्वस्तरका अतिप्रिय उपन्यासमा छ *अप्रिय* : अनेक अप्रियताले घेरिएको प्रिय जीवन छ यहाँ', *अप्रिय* (दोस्रो संस्क.), ध्रुवचन्द्र गौतम. साझा प्रकाशन ।

रेग्मी मुरारिप्रसाद (२०६८), 'ध्रुवचन्द्र गौतमको मायिक उपन्यास *अप्रिय*को विश्लेषण', *भृकुटी* पूर्णाङ्क ११, वैशाख-जेठ-असार ।

शर्मा, रामविलास (सन् १९९३), *नयी कविता और अस्तित्ववाद*, राजकमल प्रकाशन ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), *अस्तित्ववाद के प्रमुख विचारक*, मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

Blackham, H. J. (1952/2002). *Six existentialist thinkers*. (2nd ed.). Routledge.

Camus, A. (1956/1991). *The rebel*. Anthony Bower (trans.). First vintage international edition.

Gorner, p. (2007). *Heidegger's being and time an introduction*. Cambridge university press.

Habib, M.A.R. (2011). *Literary criticism from Plato to the present.* John Wiley and sons ltd.

Heidegger, M. (1962). *Being and time.* Macquarrie, John and Robinson, Edward (trans.). Blackwell.

Sartre, J. P. (n. d.). *Being and nothingness*. Hazel E. Barnes (trans.). University of Colorado.

Sartre, J. P. (1947/2007). *Existentialism is a humanism*. Yale university press.

Sartre, J. P. (1957/2011). *Existentialism and human emotions*. Philosophical library.

Sartre, J. P. (1989). *No exit and three other plays.* Abel, I. (trans.). Vintage international edition.